## मिति २०८१ माघ ०७ गते कार्यपालिकाको १५४ औं बैठकको प्रस्तावहरु

१) विगतको कार्यपालिका बैठकको निर्णयको समिक्षा
२) हिउँदे गाउँसभा
३) आ.व. २०८१।०८२ को अर्ध वार्षिक समिक्षा
४) अल्या बजेट
५) गाउँपालिकास्तरीय तथा वडा स्तरीय योजना संशोधन
६) संशोधित विनियोजन विधेयक, २०८१
७) संघीय सरकार समक्ष समपुरक र विशेष अनुदान माग गर्ने सम्बन्धमा
८) कृषि उपजको भण्डारण गृह तथा शीत गृह निर्माण आयोजनामा बजेट माग नगर्ने सम्बन्धमा
९) नमुना विद्यालय विकास कार्यक्रम अन्तर्गतको बाँकी रहेको बजेट सम्बन्धमा
१०) विविध

**निर्णयहरु:**

**निर्णय नं.१:** प्रस्ताव नं. १ माथि छलफल गर्दा खोटेहाङ गाउँ कार्यपालिकाको मिति २०८०।११।०८ गतेको बैठकको निर्णयबाट खोटेहाङ गाउँपालिका भित्र २१ टन क्षमता भएका १० चक्के मालबाहक ट्रकहरुको आवतजावतमा पूर्ण रोक लगाइएको र यदि कुनै मालबाहक ट्रकहरु जावतजावत गरिएको पाइएमा रु. २००००।– जरिवाना लगाउने भनि निर्णय भएकोमा हाल आएर उक्त निर्णयको कार्यान्वयनमा द्विविधा उत्पन्न भइ कार्यान्वयन पक्षमा एकरुपता नभएको पाइएको हुँदा आजकै मितिबाट उक्त निर्णयलाई खोटेहाङ गाउँपालिका भित्रका सबै स्थानहरुमा कडाइका साथ कार्यान्वयन गर्ने गरी समिक्षात्मक छलफल गरियो।

**निर्णय नं.२:** प्रस्ताव नं. २ माथि छलफल गर्दा खोटेहाङ गाउँपालिकाको चालू आ.व. २०८१।८२ को हिउँदे गाउँसभाको सोह्रौं अधिवेशन देहायको मिति, समय र स्थानमा संचालन गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

**<u>खोटेहाङ्ग गाउँपालिकाको गाउँ सभाको सोह्रौं अधिवेशन</u>**

मिति: २०८१।११।०८
समय: बिहान ११:०० बजे
स्थान: खोटेहाङ गाउँपालिकाको सभाहल

**नेर्णय नं.३:** प्रस्ताव नं. ३ माथि छलफल गर्दा खोटेहाङ गाउँपालिकाको चालू आ.व. २०८१।८२ को हालसम्मको अर्धवार्षिक मिक्षा सम्बन्धमा पालिकाको चालू आ.व. २०८१।८२ को वार्षिक नीति, कार्यक्रम तथा बजेटको हालसम्मको कार्यान्वयन वस्था र त्यसबाट प्राप्त भौतिक साथै वितीय प्रगति समेत सन्तोषजनक रहेको समिक्षात्मक छलफल साथै उक्त र्धवार्षिक समिक्षालाई छलफल र अनुमोदनको लागि आगामी हिउँदे गाउँ सभामा पस्तुत गर्ने निर्णय सर्वसम्मतले पारित रियो।

**अर्धवार्षिक समिक्षा २०८१**

**धार तथा योजना शाखा**

वडा स्तरिय योजनाहरुको सम्झौताको काम कारिव ८० % प्रतिशत सम्मन्न भएका छन्।
सम्झौता भएका पालिका स्तरिय तथा वडा स्तरिय योजनाहरुको पेश्की तथा फरफारकका कामहरु निरन्तर भईरहेको छ।
रसुवा पाँनधारे सडक संरचना निर्माणको रु १,३७,१०,२३१.९७।मा लागत अनुमान तयार भई नितेश कन्स्ट्रक्सन प्रा.लि.सगँ रु ६२,७६,९७०.३९।मा सम्झौता भई हालसम्म करिव ९० % प्रतिशत काम सम्पन्न भईसकेको छ।
ईन्द्रेणीपोखरी र लक्ष्मी मा.वि.को भवन निर्माणको रु ४०,११,०२०.५६।मा लागत अनुमान तयार भई नितेश कन्स्ट्रक्सन प्रा.लि.सगँ रु २५,६९,७३४.१९।मा सम्झौता भई हाल सम्म करिव ७० प्रतिशत काम सम्पन्न भईसकेको छ।
खोटेहाङ गाउँपालिकाको गाउँसभाबाट विनियोजित पालिका ट्रस निर्माणको रु ३४,७२,२२६.१३।मा लागत अनुमान तयार भई यस बिल्डर्स प्रा.ली.ईटहरी ५ सुनसरी सँग रु २८,३७,२६७.०४।मा सम्झौता भई हालसम्म करिब ८५ % प्रतिशत काम सम्पन्न भईसकेको छ।

**निर्णय नं.७:** प्रस्ताव नं. ४ माथि छलफल राष्ट्रिय योजना आयोग, सिंहदरबार काठमाडौंले मिति २०८१।१०।१६ गतेको सूचनाबाट आ.व. २०८२।८३ लागि संघीय समपुरक अनुदान तथा संघीय विशेष अनुदान अन्तर्गत स्थानीय तहमा संचालन गरिने आयोजना/कार्यक्रमहरुको लागि प्रस्ताव आह्वान गर्न भनि सूचना सम्प्रेषण गरिएकोमा यस खोटेहाङ गाउँपालिका भित्र संचालन गरिने देहाय बमोजिमका आयोजना/कार्यक्रमहरु संघीय समपुरक र संघीय विशेष अनुदानको रुपमा माग गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

**संघीय समपुरक अनुदान मागको लागि आयोजना/कार्यक्रमहरुको प्रस्ताव**

१. सावाखोला मोटरेबल पुल
२. सिम्पानी-मेर्ला-खोटाङबजार सडक स्तरोन्नति
३. खोटाङ-पामाखाम कालोपत्रे सडक विस्तार आयोजना
४. टुवाखोला पक्की पुल
५. इन्द्रेणीपोखरी आधारभुत अस्पताल निर्माण

**संघीय विशेष अनुदान मागको लागि आयोजना/कार्यक्रमहरुको प्रस्ताव**

१. खोटेहाङ गाउँपालिकाको सामुदायिक विद्यालयहरुको शैक्षिक सुधार कार्यक्रम
२. सिम्पानी माध्यमिक विद्यालयको भवन निर्माण (अनुसूची १ को बुँदा (५) सँग सम्बन्धित)

**निर्णय नं. ८:** प्रस्ताव नं. ७ माथि छलफल गर्दा खोटेहाङ गाउँपालिका वडा नं. ४ स्थित वडकादियालेमा निर्माणाधिन रहेको कृषि उपजको भण्डारण गृह तथा शीत गृह निर्माण आयोजनाको सम्पूर्ण निर्माण कार्य चालू आ.व. २०८१।८२ को अन्त्यसम्मा सम्पन्न भइसक्ने हुँदा उक्त शीर्षकमा प्राप्त हुँदै आएको विशेष अनुदान बापतको रकम आगामी आ.व. २०८२।८३ मा आवश्यक नरहेको र संघीय सरकारमा थप बजेट माग नगर्ने भनि सर्वसम्मतबाट निर्णय गरियो।

**निर्णय नं.९:** प्रस्ताव नं. ८ माथि छलफल गर्दा नमूना विद्यालय विकास कार्यक्रम अन्तर्गत आ.व. २०८१।८२ मा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरबाट खोटेहाङ गाउँपालिका ७ नं. वडा खोटाङबजारमा संचालित श्री भगवती दिनानाथ मा.वि. लाई विद्यालयको प्रशासनिक भवन तथा नयाँ होस्टेल भवन निर्माणका लागि रु १,००,००,०००।– (एक करोड रुपैंया मात्र) अनुदान प्राप्त भएकोमा उक्त प्राप्त अनुदान रकमबाट मिति २०८१।०८।१७ गतेको राष्ट्रिय दैनिकमा खुल्ला सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना जारी गरी विभिन्न निर्माण कम्पनीहरु बीच प्रतिस्पर्धा गराइ खोटेहाङ गाउँ कार्यपालिकाको कार्यालय, खोटाङबजार, खोटाङ र सबैभन्दा कम अंक कबोल गर्ने न्यूनतम मूल्याङ्कित कम्पनी श्री शान्तिभूमि कन्स्ट्रक्सन, खोटेहाङ-७, खोटाङबजार बीच मिति २०८१।१०।१० गते सम्झौता रकम रु. ७१,७६,०५६।७५ (VAT रु PS सहित) मा सम्झौता भइ निर्माण कार्य अगाडि बढाइएको र सम्झौता पश्चात उक्त शिर्षकमा बाँकी रहेको रु.२४,३९,२५७।८९ (चौबीस लाख उनान्चालीस हजार दुइ सय सन्ताउन्न र उनान्असी पैसा) रकमबाट सोही आयोजनामा प्राविधिकको इस्टिमेट बमोजिम खुल्ला सिलबन्दी बोलपत्र आह्वान मार्फत खरिद प्रक्रिया अगाडि बढाउन विद्यालयको च.नं. ८५/०८१, मिति २०८१।१०।२० गतेको पत्रबाट अनुमति माग गरिएको हुँदा ठेक्का सम्झौता पश्चात बाँकी रहेको रकम २४३९२५७।८९ बाट पुन निर्माण कार्य गराउने अनुमति प्रदान गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

**निर्णय नं.१०:** प्रस्ताव नं. ८ को विविध सम्बन्धमा छलफल र निर्णय गर्नुपर्ने कुनै विषय नभएकोले आजको बैठक यही समापन गरियो।